नेपाल विद्युत प्राधिकरण
इन्जिनियरिङ्ग सेवा निर्देशनालय
माटो, ढुङ्गा तथा कंक्रिट प्रयोगशाला
फोन नम्बर ०१-४२७१८८२

# सूची दर्ता गर्ने सम्बन्धि सूचना

यस माटो, ढुङ्गा तथा कंक्रिट प्रयोगशालालाई आर्थिक वर्ष २०७७/०७८ को लागि आवश्यक पर्ने निम्नानुसारको विभिन्न सामानहरु आपूर्ति तथा मर्मत सेवा उपलब्ध गराउन इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनीहरुले नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ (संशोधन सहित) बमोजिम मौजुदा सूची दर्ता गराउनु पर्ने भएकोले आफूले आपूर्ति र मर्मत गर्न सक्ने सामानको विवरण सहित फर्मको नाम, ठेगाना, सम्पर्क फोन नम्बर स्पष्ट उल्लेख गरि निवेदन सहित नेपाल विद्युत प्राधिकरण, माटो, ढुङ्गा तथा कंक्रिट प्रयोगशालामा सूची दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) खरिद तथा आपूर्ति तर्फः

१. स्टेसनरी तथा मसलन्द सामानहरु
२. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु
३. छपाई सम्बन्धि कार्य
४. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि कार्य
५. बन्दोबस्तिका सामानहरु
६. ड्रिलिङ्ग तथा भौगर्भिक अध्ययन सम्बन्धि सामानहरु
७. मेसिन तथा उपकरण
८. प्रमाणित पिउने पानी सप्लाइ गर्ने सेवा
९. सवारी साधन (मोटर तथा मोटरसाइकल) को स्पेयर्स पार्टस

ख) मर्मत तर्फ :

१. सवारी साधन (मोटर तथा मोटरसाइकल) मर्मत
२. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामान मर्मत
३. फर्निचर तथा फर्निसिङ्ग सामान मर्मत
४. निर्माण, पुनः निर्माण तथा मर्मत
५. ए.सि मर्मत तथा ग्यास रिफिलिङ्ग कार्य
६. खानेपानी तथा ढल सफाई सम्बन्धि कार्य

निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु :

१. फर्मको दर्ता (नविकरण भएको) प्रमाण पत्रको प्रतिलिपि

२. भ्याट/प्यान दर्ता प्रमाणको पत्रको प्रतिलिपि

३. आ.व २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

सूची दर्ता गर्नका लागि निवेदनका साथ उल्लेखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ । फर्म सुचीकृत भए नभएको बारेमा जानकारी लिनु परेमा यस माटो, ढुङ्गा तथा कंक्रिट प्रयोगशाला स्वयम्भू भगवानपाउमा सम्पर्क राख्न सकिने छ ।